# शिक्षक आवश्यकता

तेस्रोपटक सूचना प्रकाशित मिति : २०७८।१०।२४

यस श्री बगार बाबा मा.वि. रिहारको मा.वि. तहमा नेपाल सरकारबाट प्राप्त एकमुष्ठ अनुदान कोटाबाट तलब भत्ता हुने गरी करारमा तपसिलको पदमा विज्ञान विषय शिक्षक आवश्यक परेकोले मिति २०७८।१०।१९ गतेभित्र योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसिल :**

**विज्ञापन नं.** : ३/२०७८/०७९

**पद** : शिक्षक **तह** : मा.वि. **विषय** : विज्ञान **संख्या** : १

**शैक्षिक योग्यता** : मूल विषय विज्ञान लिई स्नातक तह उत्तीर्ण वा सोसरह

**आवश्यक कागजातहरू** : १. हस्तलिखित निवेदन १ प्रति, २. शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु २/२ प्रति, ३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ प्रति, ४. अध्यापन अनुमतिपत्रको प्रतिलिपि २ प्रति

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

**तलब-भत्ता** : नेपाल सरकारको नियमानुसार

**आवेदन दस्तुर** : रु. १५००।- (एक हजार पाँच सय मात्र)

**दरखास्त दिने मिति** : २०७८।१०।२४ गतेदेखि २०७८।११।०१ गतेसम्म ।

**परीक्षाको किसिम** : लिखित तथा मौखिक ।

**सम्पर्क मिति** : २०७८।११।०२ गते ।

**परीक्षा मिति** : सम्पर्क मितिमा जानकारी गराइने ।

**नोट** : अनुभवीलाई विशेष ग्राह्यता दिइनेछ ।

रीतपूर्वक नभएका कागजातहरुउपर कुनै कारबाही गरिने छैन ।

प्रधानाध्यापक

**श्री बगार बाबा मा.वि.**

लमही नगरपालिका-९, रिहार देउखुरी, दाङ फोन : ९८४७८०२२७१, ९८४७८६४७१५

## तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्था

तुलसीपुर, दाङ, संस्था दर्ता नं. १६७/०५२/०५३

## शिलवन्दी दरभाउ पेश गर्ने सम्वन्धीको सूचना।

*प्रकाशित मिति:( २०७८/१०/२४*

यस तुलसीपुर खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको मिति २०७८ साल पौस २९ गते बसेको कार्यसमितिको बैठकबाट तत्कालका लागि आवश्यक तपशिल बमोजिमका सामानहरू खरिद गर्ने भनी निर्णय भएकोमा इच्छुक फर्म, सप्लायर्स वा कम्पनीहरूले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो फर्म दर्ता प्रमाण-पत्र, मु.अ.कर दर्ता प्रमाण-पत्र र आ.व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी सहित संस्थाको कार्यालयबाट शिलबन्दी दरभाउ फाराम खरिद गरी आफूले कबोल गरेको जम्मा रकमको २.५ प्रतिशतले हुन आउने धरौटी रकम नेपाल सरकारबाट इजाजत प्राप्त "क" वर्गका बैंकको ९० दिने ग्यारेन्टी-पत्र वा नगदै जम्मा गरी शिलबन्दी दरभाउ पेश गर्नहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.स. | सामानको विवरण | परिमाण |
|---|---|---|
| 1 | 63MM HDPE Pipe-PN 10 NS | 5000 Meter |
| 2 | 50 MM HDPE Pipe- PN 10 NS | 1000 Meter |
| 3 | 1½" GI Pipe Medium NS | 20 Pcs |
| 4 | 1½" GI Tee Medium | 100 Pcs |
| 5 | 1½" GI Cap Medium | 100 Pcs |
| 6 | 2" Gate Valve NS | 5 Pcs |
| 7 | 2" HDPE Flange Set | 10 Pcs |
| 8 | 1½" GI+HDP Flange Set | 20 Pcs |
| 9 | 1½" Gate Valve NS | 5 Pcs |
| 10 | ½" Water Meter NS | 250 Pcs |

**नोट** : HDPE Pipe को हकमा सप्लार्यसहरूले उत्पादनकर्ताको आधिकारिक पत्र समेत पेश गर्नुपर्ने छ ।

**सेवकराम भण्डारी** (सचिव)


## वरिष्ठ फिजिसियन डा. ज्ञानेन्द्र पाण्डे र महिलारोग विशेषज्ञ डा. विनोद सिंह दीर्घायू पोलिक्लिनिक तुलसीपुर दाङमा

वरिष्ठ कन्सल्टेन्ट फिजिसियन तथा पेट, छाती, मुटु, कलेजो, मृगौला, सुगर, प्रेसर, थाइराइड रोग विशेषज्ञ **डा. ज्ञानेन्द्र पाण्डेय** र महिला रोग विशेषज्ञ **डा. विनोद सिंहद्वारा दीर्घायु पोलिक्लिनिक एण्ड रिसर्च सेण्टर प्रा.लि.** तुलसीपुर दाङमा दैनिकरुपमा बिरामीहरुको चेकजाँच भइरहेको ब्यहोरा जानकारी गराइन्छ । समयमै आफ्नो नाम दर्ता गराई विशेषज्ञ सेवाको लाभ लिई आफ्नो रोगको पूर्ण निदान गर्नुहोस् ।

**बिरामीको नाम फोनबाट पनि लेखिन्छ।**

सम्पर्क : **दीर्घायु पोलिक्लिनिक एण्ड रिसर्च सेन्टर प्रा.लि.**

माउण्ठ भ्यू गेष्ट हाउस अगाडि 'ग' लाइन तुलसीपुर, दाङ

सम्पर्क नं. : ०८२-५२१९१५, ९८४७९९३७१२, ९८४७९४३२०४

## टलक्क गाडी टल्काउने सौखिनका लागि खुशीको खबर

हामी अब आफैले उत्पादन गरेका गुणस्तरीय गाडी धुने स्याम्फू, गाडी टल्काउने WAX र हेल्मेट तथा सिसा पुछ्ने कुलिनका साथ प्रस्तुत भएका छौं ।

**प्रभु गाडी धुलाई सेवा**

काटेकोहल, घोराही, दाङ, फोन नं. : ०८२-५६०२१४

## आजको कुखुराको मूल्य-सूचि !

**जिउँदो ब्रोइलर खरिद मूल्य**

☐खोर काँटा : रू. २३०।-☐फ्रेस मासु : रू. ३५०।-

*नोट : मिति २०७८ माघ ४ गतेदेखि लागू भएको मूल्य ।*



**तुलसीपुर कुखुरा व्यवसायी**

फोन नं. ०८२-४१६०९१


## मालपोत कार्यालयबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना !

जिल्ला दाङ साविक उरहरी २ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ बस्ने खुमबहादुर घर्तीले निम्न लिखित जग्गा श्रेस्ता कायम र नामसारी गरिपाउँ भनी निवेदन दिनुभएको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग बमोजिजम श्रेस्ता कायम र नामसारी गर्नु नपर्ने कारण भए वा अरु कसैको नाममा समेत श्रेस्ता कायम र नामसारी हुनुपर्ने भए वा निवेदक बाहेक अरु हकवाला पनि भए कारण र प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र निवेदकहरुको नाममा श्रेस्ता कायम र नामसारी हुनुपर्ने नपर्ने कारण खुलाई अरुको पनि हक लाग्ने भए प्रमाण सहित श्रेस्ता कायम गर्नुपर्ने वा अरु पनि हकवाला भए हकवालाको आफ्नो जिकिरसहित निवेदन गर्न आउनुहोला । तोकिएको समयभित्र दावी विरोध गर्न नआए कानुन बमोजिम भैजाने व्यहोरा सूचित गरिन्छ ।

**निवेदकले श्रेस्ता कायम र नामसारी गर्न माग गरेको जग्गाको विवरण**

| गा.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गा धनीको नाम |
|---|---|---|---|---|
| उरहरी | ४/घ | ५७३ | ०-४-१५ | नन्दलाल घर्तीमगर |

दाङ जिल्ला साविक उरहरी २ हाल तुलसीपुर उपमहानगरपालिका वडा नं. १२ बस्ने खुमबहादुर घर्ती मगरले मेरा बुबा नन्दलाल घर्ती मगरको मिति २०५४/०८/०४ मा मृत्यु भएको मृतकको पत्नी नन्दकली घर्ती मगरको मिति २०५०/०५/०५ मा मृत्यु भएको मृतक दम्पत्तिको शेषपछिको हकदार तीन भाइ छोराहरु जेठा मानबहादुर घर्ती मगर, माइला टीकाराम घर्ती मगर र कान्छा खुमबहादुर घर्ती मगर भएको, अविवाहित छोरी कोही पनि नभएको तीन छोराहरुमध्ये जेठा मानबहादुर घर्ती मगरको मिति २०७७/०५/०८ मा र माइला छोरा टीकाराम घर्ती मगरको मिति २०५४/१२/२८ मा मृत्यु भएको र दुवै छोराको अविवाहित अवस्थमा मृत्यु भएको हुँदा मृतकको पालनपोषण औषधी उपचार काजकिरिया छोराहरुले गरेको साथै मृतक नन्दलाल घर्ती मगरको नमामा दर्ता श्रेस्ता भएको उल्लेखित जग्गाको श्रेस्ता मालपोत कार्यालय घोराहीमा २०५८/८/८ मा आगलागी भई जलेर नष्ट भएको उक्त जग्गा निजले सुकम्वासी समस्या समाधान आयोगबाट २०५२ सालमा प्राप्त गरेका हालसम्म उक्त जग्गा कहीँकतै बिक्री वितरण नगरी हकदारले एकलौटी जोत भोग गर्दै आएको हुँदा उक्त जग्गाको श्रेस्ता मृतक नन्दलाल घर्ती मगरको नाममा कायम गरी मेरो नाममा एकलौटी नामसारी गरिपाउँ भनि माग गरेकाले माग बमोजिम हुनुपर्ने हो वा होइन वा अरु कसैमा समेत जग्गा हुनुपर्ने भए ३५ दिनभित्र सवुत प्रमाण सहित हकदावी गर्न आउनुहोला भनि यो सूचना सर्वसाधारण सरोकारवाला सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## श्रद्धाञ्जली एवं कृतज्ञता



अवतरण : १९९८।०२।१२

स्वर्गारोहण : २०७८।१०।१२

मेरी धर्मपत्नी, आमा, सासुआमा, हजुरआमा, बूढीहजुरआमा, भाउजू, जेठानी दिदी, ठूलीआमा घोराही-७ बेसाही निवासी **मोहनकुमारी उपाध्यायको** यही मिति २०७८ माघ १२ गतेका दिन ८० वर्षको उमेरमा भएको दुःखद् निधनले हामी मर्माहत एवं स्तब्ध भएका छौं। आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै हामी शोकमा डुबेको बेला हाम्रो दुःखमा सहभागी भई हामीप्रति सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्र, छर छिमेक, बन्धुवान्धव, संघसंस्था तथा शुभेच्छुकहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं।

**पति : नेत्रलाल उपाध्याय**

छोरा/बुहारीहरु :
केशवराज रिजाल
नारायणप्रसाद-बुद्धिशिला रिजाल
माधवप्रसाद-शीला रिजाल

छोरी/ज्वाईंहरु :
भगवती-कमलराज रेग्मी
नाति, नातिनी :
शीर्षक रेग्मी, श्रेयष्कर रेग्मी

देवर-देवरानी
मालताकुमारी रिजाल
बासुदेव शर्मा रिजाल-केशरकुमारी उपाध्याय
छोरा-बुहारी
मदन-रञ्जु रिजाल
सुदन-सीता रिजाल
पिताम्बर-मुना रिजाल
महेश रिजाल
सुशील रिजाल-सरस्वता रिजाल

नाति-बुहारीहरु :
प्रतीक-सरु रिजाल,
प्रवीण-प्रतीक्षा रिजाल,
विशाल, विपुल, कृष्टल, श्लोगन रिजाल

नातिनी-ज्वाइ :
प्रतिभा आचार्य-सुरज आचार्य
पनातिनी : युक्ति आचार्य
पनाति : देवर्षि आचार्य

**एवम् समस्त रिजाल परिवार**

घोराही-७, बेसाही, दाङ

साथै आज हुने १३औं दिनको शुद्धशान्तिमा उपस्थितिका लागि सबैमा अनुरोध गर्दछौं ।

[redacted]

## तुलसीपुर उपमहानगरपालिका कार्यालयको घर नक्सापाससम्वन्धी सूचना !

दाङ जिल्ला तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ बस्ने सावित्रा भण्डारी को नाममा दर्ता श्रेष्ता भएको तुलसीपुर उपमहानगरपालिका वडा नं. ५ स्थित कि.नं. तुलसीपुर ५/घ ४७७, १८१९ ज.वि. १९.५७ व.मि. जग्गामा भवन निर्माण गर्न अनुमति पाउँ भनि मिति २०७८/०९/०५ मा यस कार्यालयमा निवेदन दिनुभएको हुँदा आवश्यक प्रकृया पूरा गरी स्थलगत सर्जमिन गर्दा दक्षिण तर्फका संधियार गोबिन्दप्रसाद शर्मा अनुपस्थित देखिनुभएकाले तपाईंको अन्य कोही कसैको दावी विरोध भए आफ्नो आधिकारिक प्रमाण सहित ७ (सात) दिनभित्र यस कार्यालयमा उपस्थित हुनुहोला अन्यथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम निजको नाममा घरनक्सा पास भैजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

## राहदानी हराएको सूचना !

मेरो नाममा रहेको निम्न व्यहोराको राहदानी यही २०७८ पुस २२ गते घोराहीदेखि लमही जाने क्रममा हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम** : भरत चौधरी **राहदानी नं.** : ०६६६७६०३

**ठेगाना** : त्रि.न.न.पा.-३, दाङ **फोन नं.** : ९८०९५८४७००



**छोरा र छोरीमा भेदभाव नगरौं ।**

# Tulsipur Sub-Metropolitan City

**Office of the Municipal Executive**

*Tulsipur, Dang*

**Lumbini Province, Nepal**

## Invitation for Sealed Quotation

***Sealed Quotation No:TSMC/SQ/01/W/078/79***

***Date of Publication : 06-02-2022***

1. The Tulsipur Sub-Metropolitan City invites sealed quotations from registered contractors for the construction of Septic tank, water tank & Stair Case Construct....
2. The Estimated amount for the works is(in NRs.): 1,767,321.70 (Exclusive of VAT and Contingencies)
3. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at the office ofTulsipur Sub- Metropolitan City at Tulsipur Dang or by reaching out to them at Telephone 082520233 or by dropping a mail at paban_636@yahoo.com [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Sealed Quotation Forms may be purchased by eligible Bidders on the submission of a written application and upon payment of a non-refundable fee of 1000.0 NRs.

   ***Or***

   Bidder who chooses to submit their bid electronically shall deposit the cost of bidding document in the account specified below:

   **Name of the Bank** : Mega Bank Ltd.
   **Name of the Office** : Tulsipur Sub-Metropolitan City
   **Office Code no.** :
   **Office Account no.** :0380010079043
   **Rajaswa (revenue) Shirshak no** :
5. Sealed bids must be submitted to the above office by hand or through e-GP system i.e *www.bopatra.gov.np/egp* on or before 21-02-2022 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 21-02-2022 14:00 hours at the office of Tulsipur Sub-Metropolitan City, Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum ofNRs.50000 which shall be valid for 30 days beyond the validity period of the bid i.e 75 days.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**[Note :** *As mentioned in clause 49ka of PPR 2064 clause 49ka ,add more relevant information as per required]*

भूमिकास्थान नगरपालिका

☏ 9857069912/911/981
web site: humikasthanmun.gov.np

**नगर कार्यपालिकाको कार्यालय, नुवाकोट, अर्घाखाँची**

## शिलबन्दी दरभाउपत्र आह्वानसम्बन्धी सूचना !

*प्रथम पटक प्रकाशित मिति : २०७८, १०/२४*

भूमिकास्थान नगरपालिका, नगर कार्यपालिका, अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमका अपूर्ति तथा जडान कार्यको शिलबन्दी दरभाउपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. शिलबन्दी बोलपत्र/दरभाउपत्रसम्बन्धी कागजात तालिकामा उल्लेखित मितिसम्म आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण-पत्र, व्यवसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र तथा कर चुक्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपीहरु संलग्न राखी इच्छुक बोलपत्र/दरभाउपत्रदाताले लिखित निवेदन दिई तपसिलमा उल्लेखित रकम यस कार्यालयको नुवाकोट स्थित ***सेन्चुरी बैंक हि.नं.०९००००००१३ जि.ई.*** खातामा नगद जम्मा गरेको सक्कल भौचर सहित यस कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।
२. खरिद भएको बोलपत्र/दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग लेखि तालिकामा उल्लेखित मिति र समयसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । दर्ता भएका बोलपत्र/दरभाउपत्रहरु उपस्थित बोलपत्र/दरभाउपत्रदाता एवं प्रतिनिधिहरुको रोहबरमा यसै कार्यालयमा निम्नानुसारको मिति र समयमा खोलिने छ ।
३. शिलबन्दी बोलपत्र/दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको नुवाकोट स्थित ***सेन्चुरी बैंक हि.नं.०९०००००००४ जि.ई.*** खातामा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको विडवण्ड बोलपत्र/दरभाउपत्र निम्नानुसारको ***म्याद भएको बैंक ग्यारेन्टी (बिडबण्ड)*** को सक्कलप्रति पेश गर्नुपर्ने छ ।
४. शिलबन्दी बोलपत्र/दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।
५. यसमा उल्लेखित शर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु बिडिङ डकुमेन्टमा उल्लेख भए बमोजिम तथा प्रचलित कानून बमोजिम हुनेछ ।
६. अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र ९८५७०६९९८१/९८५७०६९९८७/९८५७०६९७९६/९८५७०६९९८९ मा सम्पर्क गर्न वा *bhumikasthanmunicipality@gmail.com* मा पठाउन सकिनेछ ।
७. कामको विवरण बोलपत्र/दरभाउपत्र खरिद दस्तुर, लागत रकम, विडबण्ड रकम, मान्य अवधि, खरिद र दाखिला गर्ने अन्तिम मितिको विवरण निम्न अनुसार छ :

तपसिल

| ठेक्का नं. | ठेक्काको नाम | दरभाउपत्र दस्तुर रू. | विडबण्ड रकम रू. | विडबण्ड मान्य अवधि | खरिद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| 40/BMA/G/Sp/2078/079 | वकल्पीक उर्जा सम्वन्धी सामग्री खरिद, आपूर्ति तथा जडान कार्य | १०००।०० | २२५०० | ७५ दिन | २०७८/११/०९ कार्यालय समय भित्र | २०७८/११/१० १२:०० बजे भित्र | २०७८/११/१० दिउँसो १:०० बजे |


सोफा भनेकै
फ्रेण्ड्स डेकोर
उमेशमार्ग, घोराही, दाङ
फोन : ०८२-५६४०६५, ९८४४९६३६४३



सहवीर्यम् करवावहै www.gsamachar.com

# गोरक्ष

राष्ट्रिय दैनिक



छ । यसले कुनै पनि समय महामारीको रुप लिन सक्दछ । त्यसैले तत्काल कोरोनाविरुद्धको खोप लिऔं, जमघट तथा भीडभाडमा जाँदा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



वर्ष १७, अङ्क १६६ २०७८ माघ २४ गते सोमवार (नेपाल संवत-११४२) (Goraksha National Daily, Monday, 7 Feb., 2022) पृष्ठ संख्या ४ मूल्य रू. ३।-


## लमही खानेपानीमा संयुक्त लोकतान्त्रिक प्यानल विजयी



●उर्मिला चौधरी

दाङ, २३ माघ । लमही खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको निर्वाचनमा जंगबहादुर चौधरीले नेतृत्व गरेको संयुक्त लोकतान्त्रिक प्यानल विजयी भएको छ । आइतवार बिहान सार्वजनिक भएको मतपरिणामअनुसार चौधरीले एक हजार ५ सय १८ मत ल्याएर अध्यक्षमा निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी सनमकुमार पौडेलले एक हजार ४३ मत मात्र प्राप्त गरेका थिए । यस अघि लमही खानेपानी उपभोक्ता तथा सरसफाई संस्थामा कोषाध्यक्षका रूपमा काम गरेका चौधरी यसपटक अध्यक्षमा लोकप्रिय मत ल्याएर निर्वाचित भएका हुन् ।

यसैगरी उपाध्यक्षमा चौधरी प्यानलकै सीतादेवी चौधरी १ हजार ४ सय २१ मत ल्याएर निर्वाचित भएकी छिन् । उनकी प्रतिद्वन्द्वी श्यामकला भुसालले ९ सय ३३ मत मात्र ल्याएकी हुन् । सचिवमा बसन्त आचार्यले १ हजार दुई सय ३३ मत ल्याएर विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी दशरथ घिमिरेले एक हजार एक सय ६९ मत प्राप्त गरेका छन् । कोषाध्यक्षमा वासुदेव गौतमले एक हजार तीन सय ७८ मत ल्याएर विजयी भएका छन् भने देवमणि चौधरीले ९ सय ८५ मत ल्याएर पराजित भएका छन् ।

सदस्यमा १ हजार ४ सय २१ मत ल्याएर जगनारायण चौधरी, एक हजार चार सय ४२ मत ल्याएर किरण चौधरी, एक हजार चार सय मत ल्याएर ज्ञानबहादुर विक, एक हजार चार सय ९ मत ल्याएर शिवा चौधरी र एक हजार चार सय ५८ मत ल्याएर सीता खत्री पोखेल बिजयी भएको निर्वाचन समितिका संयोजक कूलचन्द्र पौडेलले जानकारी दिएका छन् । चौधरीले नेतृत्व गरेको संयुक्त लोकतान्त्रिक प्यानललाई नेपाली कांग्रेस, नेकपा माओवादी, एकीकृत समाजवादीलगायतका पार्टीको समर्थन रहेको थियो भने पौडेल नेतृत्वको लोकतान्त्रिक प्रगतिशील प्यानललाई नेकपा एमालेको समर्थन रहेको थियो ।

९ सदस्यीय कार्यसमितिका लागि खानेपानी संस्थाको शनिवार मतदान भएको थियो । कूल ४ हजार २ सय ७७ मतदाता रहेकोमध्ये २ हजार ७ सय ९ मत खसेको थियो । १० मत बदर भएको निर्वाचन संयोजक पौडेलले जानकारी दिएका छन् ।

## एयरपोर्ट स्तरोन्नतिमा राजनीतिक अन्याय

●खेमराज रिजाल

तुलसीपुर, २३ माघ । सम्भावना हुँदाहुँदै पनि तुलसीपुरको टरिगाउँ विमानस्थलको स्तर वृद्धि सुस्त भएपछि राजनीतिक दलका नेताहरूप्रति आक्रोश पोखिन थालेको छ । तुलसीपुर उद्योग वाणिज्य संघले आइतवार तुलसीपुरमा आयोजना गरेको सर्वदलीय/सर्वपक्षीय कार्यक्रममा सहभागीहरूले राजनीतिक दलका नेताहरूको इच्छाशक्तिको कमीका कारण तुलसीपुर विमान स्थलको स्तर वृद्धिमा अन्याय भएको सरोकारवालाहरूले बताएका छन् ।

सर्वपक्षीय बहस कार्यक्रममा तुलसीपुरको टरिगाउँ विमान स्थलस्थित नागरिक उड्डयन प्राधिकरणका अधिकारी, नेपाल बायुसेवा निगमका अधिकारी, तुलसीपुर उद्योग वाणिज्य संघका पदाधिकारी तथा संस्थापक अध्यक्ष, दाङ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष, निवर्तमान तथा वर्तमान अध्यक्ष, तुलसीपुर उपमहानगरपालिकाका प्रमुख, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, प्रमुख जिल्ला अधिकारी तथा नागरिक अगुवाहरू सहभागितामा एयरपोर्ट स्तरोन्नतिको विषयमा बहस आयोजना गरिएको हो । बहसमा सहभागीले राजनीतिक इच्छाशक्तिलाई दबाव दिन जनस्तरबाटै खुत्रुके अभियान सञ्चालन गरी एयरपोर्टको स्तरोन्नतिका लागि पहल गर्नेसम्मको छलफल भएको छ ।

कार्यक्रममा नागरिक उड्डयन प्राधिकरण तुलसीपुरका प्रमुख कैलाश शर्माले तुलसीपुरको विमान स्थलमा इन्धन रिफिलिङको संरचना निर्माणको काम सम्पन्न हुने चरणमा रहेको तथा ठूला जहाज अवतरण गराउनका लागि एयरपोर्टको धावनमार्गको लम्बाइ बढाउने पर्याप्त सम्भावना रहेको बताए । उनले तुलसीपुरको विमान स्थलको स्तर वृद्धिका लागि कुनै पनि प्राविधिक समस्या नरहेको तथा जग्गा उत्तर-दक्षिण तन्काउनसक्ने पर्याप्त सम्भावना रहेको बताए । धावनमार्ग दुई हजार मिटरसम्म बनाउन सकिएमा यो विमान स्थलमा उत्तर-दक्षिण र पूर्व-पश्चिम दुवैतर्फबाट जहाज उडान भर्न सकिने पनि उनको अभिव्यक्ति थियो ।



उनले पछिल्लो अवस्थाको विश्लेषण गर्दा तुलसीपुर विमान स्थलमा ७२ सिटे जहाजका लागि पनि यात्रुहरूको कुनै समस्या नहुने तथा यहाँबाट कर्णालीका केही विमान स्थलमा पनि नियमित सेवा सञ्चालन गर्न सकिने प्रशस्तै सम्भावना रहेको भन्दै एयरपोर्टको स्तर वृद्धिका लागि राजनीतिक इच्छाशक्ति आवश्यक भएको बताए ।

कार्यक्रममा नेपाल वायु सेवा निगम तुलसीपुरका प्रमुख यमकान्त लम्सालले यात्रु र हवाई सेवा सञ्चालनका हिसाबले तुलसीपुरको विमान स्थल लगातार तीन वर्ष उत्कृष्ट उडान गर्ने विमान स्थलका रूपमा प्रमाणित भएको बताउँदै ठूला जहाज अवतरण गर्नसक्ने विमान स्थल सञ्चालनमा आए कुनै पनि वेला हवाई सेवा बन्द गरिनु नपर्ने तथा यात्रुहरूको पनि समस्या नहुने उल्लेख गरे । साना जहाजले सस्तोमा यात्रुहरू बोक्न सम्भव नहुने भन्दै भाडा घटाउनका लागि पनि ठूला जहाजको उडान अनिवार्य भएको उनको अभिव्यक्ति थियो ।

तुलसीपुरको विमान स्थलको स्तर वृद्धि हुन नसक्नुमा राजनीतिक दलहरूको इच्छाशक्ति नभएको तुलसीपुर कांग्रेसका सभापति सुरेश हमालले बताएका छन् । 'अब यो विमान स्थलको स्तर वृद्धिका लागि राज्यलाई चुनौती दिन जनस्तरबाटै दबाब सिर्जना गर्न आवश्यक छ, त्यसका लागि आजैदेखि अभियान थालौं', नगर सभापति हमालले भने । तुलसीपुरको विमान स्थलको स्तर वृद्धि गरेपछि मात्रै अन्य वैकल्पिक विमान स्थल निर्माणको अभ्यास सुरु हुनुपर्ने उनको सुझाव थियो । एमाले जिल्ला सदस्य सूर्यबहादुर डाँगीले तुलसीपुरको विमान स्थलको स्तर वृद्धि प्राविधिक रूपले निकै चुनौतीपूर्ण रहेको भन्दै तुलसीपुर उपमहानगरपालिकाका टिप्पर पठाएर मात्र विमान स्थलको धावनमार्गको लम्बाई बढाउन चिरो भाट्न असम्भव भएको बताए । माओवादी केन्द्रका तुलसीपुर नगर अध्यक्ष खुशीराम चौधरीले विमान स्थलको स्तर वृद्धिका लागि माओवादी केन्द्र सधैं सकारात्मक रहेको भन्दै हातेमालो गर्न तयार रहेको बताए ।

नेपाली कांग्रेसका जिल्ला सहसचिव राजु आचार्यले एयरपोर्ट निर्माण बसपार्क बनाएजस्तो नभएको बताउँदै तत्कालका लागि दाङले एउटा विमान स्थलको स्तरोन्नतिको मात्रै प्रक्रियामा ऐक्यबद्धता जाहेर गरेर अघि बढ्नुपर्ने सुझाव दिए । कार्यक्रममा तुलसीपुर उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष डिल्लीबहादुर बस्नेत, टरिगाउँको तरुण सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष शेषुराम घण्डारी, दाङ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष हेमराज बञ्जाडे, निवर्तमान अध्यक्ष नारायणप्रसाद भुसाल, अध्यक्ष टंकसिंह बुढाथोकी, महासचिव महेन्द्र बुढाथोकी, वासुदेव आचार्य, इन्द्रबहादुर बुढा, पत्रकार नारायण खड्का, मनु शर्मा, हापुरे उबासंघका अध्यक्षलगायतले विमान स्थलको स्तरोन्नतिलाई पहिलो प्राथमिकता दिएर मात्रै अन्य वैकल्पिक विमान स्थलको निर्माणमा लाग्नुपर्ने सुझाव दिएका थिए । कार्यक्रममा राजमोका श्यामलाल पोखेल, मोहन वली, माओवादी केन्द्रका खुशीराम चौधरी, एमाले तुलसीपुर नगर अध्यक्ष माधव वली, माओवादी बैच समूहका ईश्वरी गैरे, नेपाली कांग्रेस शान्तिनगर गाउँपालिकाका प्रवक्ता रवि बुढाथोकीलगायतले पनि एरपोर्ट स्तर वृद्धि गर्न राजनीतिक एकता आवश्यक रहेको बताएका थिए ।

**व्यावसायिक मोडेलले एयरपोर्ट चलाऔं : प्रमुख पाण्डे**

यसैबीच विमानस्थल स्तरोन्नति सर्वपक्षीय बहस कार्यक्रममा बोल्दै प्रमुख अतिथि तथा तुलसीपुर उपमहानगरपालिकाका प्रमुख घनश्याम पाण्डेले तुलसीपुरको एयरपोर्टलाई व्यावसायिक मोडलबाट सञ्चालनका लागि आग्रह गरेका छन् । यहाँको विमान स्थलको धावनमार्ग विस्तारका लागि धेरै प्राविधिक समस्या रहेको बताउँदै सबैभन्दा पहिले धावनमार्ग विस्तारको एजेण्डा भन्दा पनि भइरहेको विमान स्थलमा यो भन्दा बढी क्षमताका जहाज अवतरण गराउन व्यावसायिक कमिटमेन्टका लागि पहल गर्न पनि उनले उद्योग वाणिज्य संघहरूलाई आग्रह गरे ।

'यो एयरपोर्ट अब राजनीतिक मोडलबाट चल्न सक्दैन, यसलाई अब व्यावसायिक मोडलबाट चलाउन हामी सबैले एकात्मक पहल गर्न जरुरी छ', नगर प्रमुख पाण्डेले भने, 'इन्धन रिफिलिङ सुरु भइसकेपछि यो विमान स्थलमा अन्य निजी एयरलाइन्सका केही ठूला जहाजहरू पनि अवतरण गर्नसक्ने छन् । उनले त्यसका लागि निजी विमान कम्पनीहरूसँग समन्वय गर्नका लागि सामूहिक पहल गर्न पनि आग्रह गरे । राजनीतिक एकता स्थानीय स्तरमा जतिसुकै प्रगाढ देखिए पनि माथि पुग्दासम्म कताकता धमिलो भइसक्ने गरेको पनि उनले तीतो अनुभूति सुनाए । आगामी वैशाख महिनासम्म इन्धन डिपो निर्माण भएर हस्तान्तरण भइसक्ने बताउँदै त्यसपछि कम्तिमा ३२ सिटे र ४२ सिटे जहाज सञ्चालन पनि सम्भव हुने उनले कार्यक्रममा बताए । त्यसका लागि यहाँको व्यावसायिक जगतले निजी विमान कम्पनीहरूलाई यात्रुहरू पर्याप्त पाइने विषयमा प्रभाव पार्न सक्नुपर्ने पनि नगर प्रमुख पाण्डेको अभिव्यक्ति थियो ।

कार्यक्रममा दाङ जिल्लाका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले व्यवसायीहरूबाट पनि सहयोग जुटाएर एयरपोर्ट स्तरोन्नतिको प्रयास हुनु सकारात्मक भएको बताउँदै यसले राजनीतिक तहमा दवाब सिर्जना हुने बताए । साथै आफूले विमान स्थलको स्तर वृद्धिका सवालमा नीतिगत हरेक सवालमा सहयोगी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा तुलसीपुर उद्योग वाणिज्य संघका अध्यक्ष रामप्रसाद चालिसेले अब फेरि पनि हवाइ सेवाको नियमितताका लागि व्यवसायीहरूले पहलकदमी चाल्नुपर्ने बताउँदै सबैको साथ र सहयोगको अपेक्षा गरेका थिए । कार्यक्रमको सहजीकरण तुलसीपुर उद्योग वाणिज्य संघका महासचिव विनिल केसीले गरेका थिए ।

## स्थानीयलाई तर्साउने ७ जना पक्राउ

●गोरक्ष समाचारदाता

दाङ, २३ माघ । दाङको तुलसीपुर प्रहरीले स्थानीयलाई त्रसित पारेको आरोपमा सात जनालाई पक्राउ गरेको छ । आइतवार विहान ५ बजेतिर तुलसीपुर उपमहानगरपालिका-३ भ्युडहरमा रहेको खाली गोठबाट सात जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक मुकुन्दप्रसाद रिजालले जानकारी दिएका छन् ।

प्रवक्ता रिजालकाअनुसार रक्सी सेवन गरी पेस्तोल आकारको आगो बालेर स्थानीयलाई त्रसित पारेको भन्ने सूचनाको आधारमा खटिएको तुलसीपुर ईलाका प्रहरी कार्यालयको टोलीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा तुलसीपुर उपमहानगरपालिका ९ निवासी २५ वर्षीय सन्तोष बस्याल, २३ वर्षीय पोषण ओली, २१ वर्षीय अलिज मिया, वडा नं. ६ निवासी २१ वर्षीय केतु ओली, वडा नं ९ निवासी १८ वर्षीय मोहन बस्नेत रहेका छन । समूहमा १६ र १७ वर्षीय दुई जना नाबालक पनि रहेको प्रहरीले जनएको छ । यस्तै उनीहरूको साथबाट प्रहरीले तीन थान हँसिया, बन्चरो एक थान, खुडा एक थान र पेस्तोल जस्तो देखिने लाइटर एक थान बरामद गरेको छ । साथै उनीहरूलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

**अपहरणमा परेको नाटक गर्ने एक पक्राउ**

यसैबीच तुलसीपुरमा अपहरणको अफवाह फैलाउने एक जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा सल्यान कालिमाटी गाउँपालिका ४ बस्ने ४० वर्षीय खिमबहादुर वली रहेको प्रहरीले जानकारी दिएको छ । शनिवार राती १० बजे एकान्त होटेलमा खाना र रक्सी खाएको अवस्थामा आफूलाई चार जना व्यक्तिले अपहरण गरेर जंगलमा लगेको भनि प्रहरीलाई फोन गरेका थिए । उक्त आरोपमा वलीलाई तुलसीपुर-३ दमारगाँउबाट आइतवार विहान ४ बजे पक्राउ गरी आवश्यक अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय दाङले जनाएको छ । उनी कालीमाटीमा रहेको मन्दिरका कर्मचारी हुन् । मन्दिरका लागि रसिद बनाउन आएका उनले रक्सी खाएर प्रहरीलाई झुक्याएका थिए ।

## घोराहीमा शहीद लखन थापा स्मृति कप प्रतियोगिता

●गोरक्ष समाचारदाता

दाङ, २३ माघ । दाङको घोराहीमा प्रथम शहीद लखन थापा स्मृति कप फुटवल प्रतियोगिता हुने भएको छ । नेपाल मगर संघ घोराही उपमहानगरपालिका नगर समितिको आयोजनामा फागुन २ गतेदेखि १५ गतेसम्म घोराहीमा 'प्रथम शहीद लखन थापा स्मृति कप खुल्ला फुटवल प्रतियोगिता-२०७८' हुन थालेको हो ।

आयोजक नेपाल मगर संघ घोराही नगर समितिले आइतवार घोराहीमा पत्रकार सम्मेलनको आयोजना गरी प्रतियोगिताका बारेमा जानकारी दिएको छ । प्रथम शहीद लखक थापा स्मृति कप फुटवल प्रतियोगिताको विजेता टिमले नगद एक लाख रूपैयाँ र दोस्रो हुने टिमले नगद ५० हजारसहित शिल्ड, ट्रफि र प्रमाणपत्र प्राप्त गर्ने नेपाल मगर संघ घोराही नगर समितिका अध्यक्ष देवबहादुर बुढा मगरले जानकारी दिएका छन् । उनकाअनुसार प्रतियोगितामा यस वर्षबाट सेमीफाइनलमा प्रवेश गर्ने दुई टिमका लागि सान्त्वना स्वरूप नगद साढे १२ हजार रूपैयाँ पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगितामा यस अघि जिल्लाका खेलाडीहरूलाई मात्र खेल्न दिने व्यवस्था गरिए पनि यस वर्षबाट उक्त नियम हटाइएको छ । 'यस अघिका वर्षहरूमा प्रतियोगितामा जिल्लाभित्रका खेलाडी मात्र खेल्ने नियम थियो, त्यो नियमलाई हटाएका छौं', अध्यक्ष बुढा मगरले भने, 'यस वर्षदेखि प्रतियोगितामा जिल्ला बाहिरका खेलाडीहरू पनि सहभागी हुन पाउने छन् ।' उनले क्लब जिल्लामा अनिवार्य रूपमा दर्ता भएको हुनुपर्ने र खेलाडी जुनसुकै ठाउँको भए पनि खेल्न पाउने बताए ।

प्रतियोगिताको प्रथम पुरस्कार स्वर्गीय गणेशप्रसाद रोका मगरका छोराहरूले स्थापना गरेको अक्षयकोषबाट प्रदान गरिने भएको छ भने दोस्रो स्थान प्राप्त गर्ने टिमलाई पूर्वअध्यक्ष जंगबहादुर पुनले स्थापना गरेको अक्षयकोषबाट प्रदान गरिने भएको छ । प्रतियोगितामा जिल्ला प्रशासन कार्यालय र दाङ जिल्ला फुटबल संघमा दर्ता भएका क्लबले मात्रै सहभागिता जनाउन पाउनेछन् । प्रतियोगितामा सहभागिताका लागि माघ २९ गते साँझ ५ बजेसम्म दर्ताका लागि समय निर्धारण गरिएको छ । नकआउट चरणमा खेलाइने प्रतियोगितामा टिम दर्ता शुल्क ७ हजार निर्धारण गरेको छ । प्रथम शहीद लखन थापाको १४५औं स्मृति दिवसको सन्दर्भ पारेर खेलको उद्घाटन गरिने नेपाल मगर संघ घोराही नगर समितिले जनाएको छ । जिल्लामा २०५७ सालदेखि सञ्चालन हुँदै आएको प्रतियोगिता सशस्त्र द्वन्द्वका कारण स्थगित गरिए पनि २०७६ सालदेखि पुनः प्रतियोगिता गर्न थालिएको छ । नेपाल मगर संघ दाङले आयोजना गर्दै आएको प्रतियोगिता गत वर्षदेखि मगर संघका पालिका स्तरीय समितिका माध्यमबाट गर्न थालिएको छ ।

प्रतियोगिता सभ्य र व्यवस्थित बनाउनका लागि विभिन्न उपसमिति गठन गरिएको छ । बैठकले संघ घोराही नगर समितिका बरिष्ठ उपाध्यक्ष मित्रलाल बुढाको संयोजकत्वमा खेल उपसमिति गठन गरेको छ । यसैगरी सल्लाहकार दीपेन्द्र पुनको संयोजकत्वमा आर्थिक उपसमिति, नेपाल मगर संघका जिल्ला सचिव मुक्त बुढाको संयोजकत्वमा अनुशासन उपसमिति, जिल्ला सदस्य दिलबहादुर घर्तीको संयोजकत्वमा स्वास्थ्य उपसमिति, सहसचिव तेजु पुन मगरको संयोजकत्वमा स्वयंसेवक परिचालन उपसमिति र सल्लाहकार प्रेमबहादुर राम्जाको संयोजकत्वमा प्रचारप्रसार उपसमिति गठन गरेको छ । खेल क्षेत्रको विकास र सक्षम खेलाडी उत्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले जिल्लामा प्रतियोगिता गर्दै आएको नेपाल मगर संघ दाङले जनाएको छ । पत्रकार सम्मेलनको सहजीकरण सचिव भीमप्रकाश झाक्री मगरले गरेका थिए ।


डा. गोपाल सागर डी.सी. (हाडजोर्नी तथा नशा रोग बिशेषज्ञ) दाङ तुलसीपुरको तुलसीपुर सिटी हस्पिटलमा

काठमाडौंको सिभिल हस्पिटलमा लामो समयदेखि काम गरी हाल नेपालगञ्ज मेडिकल कलेज, नेपालगञ्जमा कार्यरत वरिष्ठ हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा. गोपाल सागर डीसी MBBS, MD (Orthopedics) द्वारा दाङ तुलसीपुर-५ (ङ) लाइनमा अवस्थित तुलसीपुर सिटी हस्पिटल प्रालिमा बिरामीहरुको चेकजाँच गरिने भएको हुँदा समयमै आफ्नो नाम दर्ता गराई बिशेषज्ञ सेवाको लाभ लिई आफ्नो रोगको पूर्ण निदान गर्नुहोस् ।

डा. गोपाल सागर डिसीद्वारा दिइने सेवाहरू :-

●चर्केको भाँच्चिएको हाडजोर्नी प्लाष्टर तथा अप्रेसन सेवा । ● हातखुट्टा, औंलाहरु दुख्ने, झमझमाउने, पोल्ने, सुन्निने, हातखुट्टा माथि नजाने । ● ढाड, गर्धन, घाँटी दुख्ने, निहुरिन नमिल्ने, पोल्ने, झमझमाउने । ● मर्केको वा भाँच्चिएको भाग जागिरहने, हिड्न नमिल्ने । ● घुँडा, कुहिनो दुख्ने वा सुन्निने, घुडामा पानी जम्ने । ● यूरिक एसिड, बाथ । ●नशा ब्यापिएको । ●कुर्कुचा दुख्ने र सुन्निने एवं हाडजोर्नी र नशासम्बन्धी सम्पूर्ण रोगहरु ।

बिरामी जाँच हुने मिति : २०७८ माघ २९ गते शनिवार बिहान ९ बजेदेखि ।

सम्पर्क : तुलसीपुर सिटी हस्पिटल प्रा.लि.
(ङ) लाइन तुलसीपुर-५ दाङ सम्पर्क फोन : ०८२-५२३२२२, ९८५७८५३२२२



नशा तथा मानसिक रोग विशेषज्ञ
डा. सञ्जिव रञ्जन आउनेबारे सूचना !

भैरवा मेडिकल कलेज भैरहवामा कार्यरत न्यूरो डिपार्टमेन्ट प्रमुख डा. सञ्जिव रञ्जनद्वारा यही मिति २०७८ माघ २४ गते सोमवारका दिन जीवन रक्षा मेडिकल सेन्टर तुलसीपुर-५ सल्यान रोडमा बिरामीहरुको सेवालाई मध्यनजर गर्दै स-शुल्क चेकजाँच तथा उपचार गरिने भएको हुँदा समयमै आफ्नो नाम दर्ता गराई विशेषज्ञ सेवाको लाभ लिनुहोस् ।

डा. सञ्जिव रञ्जनद्वारा दिइने सेवाहरु :

●टाउको धेरै दुख्ने तथा रिंगाटा लाग्ने , बेहोश हुने, मुर्छा पर्ने, छारे रोग/मृगी रोग
●निद्रा नलाग्ने, भोक नलाग्ने, चिन्ता तथा डिप्रेशन रोग, आत्महत्या गर्ने ईच्छा आउने
●आतिने समस्या/अत्याधिक शोक गर्ने/रिस धेरै गर्ने
●मुटु ढुकढुक बढी गर्ने तथा चिट चिट पसिना आउने, यौन सम्बन्धमा समस्या वा यौन दुर्वलता ●मनमा कुरा खेली रहने/स्मरण शक्तिमा कमी
●आत्म विश्वासमा कमि, पढ्नमा ध्यान नलाग्ने, झर्को लाग्ने र निराश हुने
●हात खुट्टा झम झमाउने, प्यारालाईसिस, जोर्नी,गर्दन ढाड,कम्मर दुख्ने वा सुन्निएको सफल उपचार ●अत्याधिक थकान महसुस हुने, शुस्त मनस्थिती
नोट: जाँड, रक्सी, चुरोट, सुर्ती वा अन्य लागू पदार्थ कुलतको ग्यारेन्टी साथ सफल परामर्श तथा उपचार गरिन्छ ।

फोनबाट पनि नाम दर्ता गर्न सकिनेछ ।

बिरामी जाँच हुने मिति :
२०७८ माघ २४ गते सोमवार
विहान ८ बजेदेखि ५ बजेसम्म

सम्पर्क :
जीवन रक्षा पोलिक्लिनिक प्रा.लि.
तुलसीपुर-५, सल्यानरोड, दाङ
फोन : ०८२-५२१७२१, ९८४७८२३९३२



दैनिक उपभोग्य सामानहरु

साथै पसल बन्द रहेको समयमा पनि होम डेलिभरीको व्यवस्था भएको, अनलाइन अर्डरमा समेत छुटको व्यवस्था

हाम्रो फेमिली मार्ट